रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

**रंगेली नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड :१० संख्या : ४ मिति : २०८३/०४/२१**

## भाग २

# रंगेली नगरपालिका

रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि कार्यविधी, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधिप्रथम संशोधन),२०८३

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८३/०४/११

**रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि (प्रथम संशोधन) २०८३**

**प्रस्तावनाः** रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि कार्यविधी, २०८३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन , २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधीको नाम **रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि (प्रथम संशोधन) २०८३** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ।

**२. रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि,२०८२ मा संशोधनः**

(१) रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि ,२०८२ को दफा ३ को उदफा १ लाई देहाय बमोजिम संशोधन गरिएको छ।

**३(१)** नेपाल सरकारको स्वीकृत दरबन्दीमा रहि कामकाज गर्ने कर्मचारीहरुको हकमा नेपाल सरकारले तोके बमोजिम र अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति तर्फका कर्मचारीहरुको हकमा सोहि समितिको निर्णय बमोजिम हुनेछ ।

**आज्ञाले**
**प्रदिप शाह**
**प्रमुख प्रशासकीय अधिकृत**